# भोक्राहा नरसिंह गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चिरौली, सुनसरी
१ नं. प्रदेश, नेपाल ।

प.सं. : ०७८/७९
च.नं. :८६

मिति :२०७८।११।२३

श्री सबै वडा कार्यलय
भोक्राहा नरसिंह गाउँपालिका चिरौली, सुनसरी

विषय : धानवालिमा क्षति पुगेका किसानहरुलाई दिइने राहत रकमको विवरण उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्तुत विषयमा भोक्राहा नरसिंह गाउँपालिकाको च.न.८५ मिति : २०७८।११।१५ गतेको बेमौसमि वर्षाको कारण धानवालीमा क्षति पुगेका किसानहरुको नामावलि प्रकाशन सम्वन्धि उजुरी विवरण मिति : २०७८।११।२० गते भित्र उपलब्ध गराउने सम्वन्धि पत्र पठाईए तापनि हालसम्म कुनै पनि वडा कार्यलयवाट विवरण नआएको र मिति : २०७८।११।२२ गतेको च.न. १४०१ जिल्ला प्रशासन कार्यलय सुनसरी ईनरुवाको पत्रअनुसार धानवालीमा क्षति पुगेका किसानहरुलाई दिइने राहत रकमको विवरण उपलब्ध गराउने सम्वन्धि पत्र प्रेसित भएको अवगत गराउदछु । सो सम्वन्धमा तहाँ वडा कार्यलय बाट उपलब्ध गराउनुपर्ने धानवालीमा क्षति पुगेका किसानहरुको नामावली यथासिघ्र उपलब्ध गराउनुहुन अनुरोध छ । यसै साथ जिल्ला प्रशासन कार्यलय सुनसरीको च.न.१४०१ को पत्र सम्लग्न गरी पठाइएको छ ।अन्य जानकारी सो पत्रवाटै अवगत गर्नुहुन् अनुरोध छ ।

रेनुका चौधरी
कृषि प्राविधिक सहायक पाँचौ

रेनुका चौधरी
कृषि सेवा शाखा प्रमुख

Email: bhokrahanarsingh.gapa@gmail.com Website: www.bhokrahamun.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सुनसरी, इनरुवा

प.सं. ०७८/०७९/प्रशासन शाखा

मिति:- २०७८/११/२२

च.नं. १४०१

श्री स्थानीय तहहरु सबै,

सुनसरी।

**विषयः– धानवाली क्षति पुगेका किसानहरुलाई दिइने राहत रकमको विवरण उपलब्ध गराउने सम्बन्धमा।।**

उपरोक्त सम्बन्धमा गृह मन्त्रालयको च.नं. २३९ मिति २०७८/०९/१४ को पत्रानुसार बेमौसमी वर्षाबाट धानवालीमा पुगेका कृषकहरुलाई राहत उपलब्ध गराउने सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०८/०३ को निर्णयबाट स्वीकृत धानबाली क्षति पुगेका किसानहरुलाई राहत उपलब्ध गराउने कार्यविधि, २०७८ को दफा ३ बुदाँ नं. २ को देहाय खण्ड (क), (ख), (ग) र (घ) बमोजिम पूर्ण रुपमा क्षति पुगेका साना किसान, मध्यम किसान, ठूला किसान र आंशिक रुपमा क्षति पुगेका किसानहरुलाई दफा १० बमोजिमको राहत रकम निर्धारण समितिबाट अनुसूची १ र ४ अनुसार क्षतिको आधारमा कार्यविधिबमोजिम तहाँ पालिकाबाट उपलब्ध गराउनु पर्ने राहत रकम निर्धारण गरि संलग्न ढाँचाबमोजिम व्यक्तिगत विवरण समेत संलग्न राखि आउँदो बुधबार विहान १० बजे सम्म यस कार्यालयको इमेल ठेगाना daosunsari@gmail.com मा उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ।

साथै यस कार्यालयमा पहिले नै विवरण पठाइसकेका स्थानीय तहहरु (बर्जु गाउँपालिका, देवानगञ्ज गाउँपालिका, दुहबी नगरपालिका र इटहरी उपमहानगरपालिका) ले व्यक्तिगत विवरण मात्र पठाए हुने र धरान उपमहानगरपालिकाको व्यक्तिगत विवरण मात्र आएको हुँदा संलग्न ढाँचा बमोजिम विवरण तयार गरी पठाउन हुन समेत अनुरोध छ।

श्री कृषि

ना. अ. शा. गर्नु

०७८।११।२३

.......................

प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय ..............................

धानबालीमा क्षति पुगेका किसानहरुलाई उपलब्ध गराउने राहत रकमको विवरण

| क्र.स | स्थानीय तहको नाम | पूर्णरुपमा धानबालीमा क्षतिभएका किसान | | | | | | आंशिक रुपमा धानवालीमा क्षति भएका किसान | | जम्मा राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साना किसान | | माध्यम किसान | | ठूला किसान | | | | | |
| | | जम्मा क्षतिको रकम | जम्मा राहत रकम | जम्मा क्षतिको रकम | जम्मा राहत रकम | जम्मा क्षतिको रकम | जम्मा राहत रकम | जम्मा क्षतिको रकम | जम्मा राहत रकम | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

..................
(तयार गर्ने )

..................
(स्वीकृत गर्ने)